# मिति २०७७।१०।२८ गतेको आठौं नगरसभाको पहिलो बैठकको गतिविधि र निर्णय

## (पहिलो सत्र)

१. वीरेन्द्रनगर नगरपालिकाका प्रमुख श्री देवकुमार सुवेदीज्युबाट बैठकको सुरुवात भयो ।

२.नगरपालिकाको चालु आर्थिक वर्षको बजेट,योजना तथा कार्यक्रमको संशोधन प्रस्ताव उपप्रमुख श्री मोहनमाया भण्डारीज्युले टेबुल गर्नुभयो ।

३.विधायन समितिका संयोजक श्री डण्ड वि.क ज्युले देहायका विधेयकहरु सभा समक्ष टेबुल गर्नुभयो ।

**देहाय**

१. प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को प्रथम संशोधन विधेयक २०७७

२. न्यायीक समिती कार्यविधि सम्बन्धी ऐन २०७४ को प्रथम संशोधन विधेयक २०७७

३. वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

४. स्थानीय सेवा विधेयक, २०७७

४.लेखा समितीका संयोजक श्री बल बहादुर रोकाय ज्युले सभा समक्ष लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

५.सभा अध्यक्षज्युबाट सभा ४५ मिनेटको लागि स्थगित भएको घोषणा गर्नुभयो ।

## (दोस्रो सत्र)

१.सार्वजनिक महत्वका विषयमा सचिवालयमा अग्रिम नाम टिपाउनुभएका सदस्यज्युहरुले देहायका विषयहरु सभा समक्ष उठान गर्नुभयो ।

**(१) राम कुमार दर्लामी वडा न १२ सदस्य**

घर जग्गा खरिद बिक्रिको लागि मिति २०७७।४।८ मा मालपोत कार्यालयमा वडा कार्यालयबाट गरिएको सिफारिस ढाँचाको कारण जनप्रतिनिधि र कर्मचारी ७ दिन प्रहरी

हिरासतमा बसी जनही २ लाख धरौटीमा रिहा हुँदा समेत नगरपालिका र कानूनी सल्लाहकारको कानूनी सेवा उपलब्ध नभएको गुनासोको विषय ।

**(२) सुरवीर चन्द वडा न ८ सदस्य**

कृष्णटोल नाला निर्माण कार्यमा संरचना भत्काई सदस्य माथी भएको दुव्यहार प्रति नगरपालिकाले कारबाही र क्षतीपुर्तिको प्रकृया अगाडी बढाउनुपर्ने । सिद्धबहिरा स्कुलमा किशोर किशोरीहरुको शान्ती सुरक्षाको प्रबन्ध गर्नुपर्ने । स्थानीय विकास निर्माण कार्यमा देखा पर्ने अवरोधलाई न्युनिकरण गर्नुपर्ने । वडा न ८ मा शहरी नापीको कार्य प्रगती सुचारु गर्नुपर्ने  र नगर विकास समितिको जग्गामा बहालमा बस्नेहरुले उत्पादन गर्ने फोहोर व्यवस्थापन स्वयंले नै गर्ने व्यवस्था गर्नुपर्ने ।

**(३) अर्जुन सुवेदी वडा न ११ सदस्य**

सुकुम्बासी समस्या समाधान आयोगको कार्य प्रारम्भ गर्नुपुर्व दीर्घकालीन योजना बनाई अघी बढ्नुपर्ने । पिपिरा देखी गाग्रेताल सडकको समस्या तत्काल समाधान गरी आयोजनाको कार्य बढाउन अदालती प्रकृयालाई छिटो समाधान गर्न आवश्यक पहल गर्नुपर्ने । जनता आवास कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रमको व्यवस्थापन पक्षलाई सृदृढ बनाउनुपर्ने । खरको छानो विस्थापित गर्ने कार्यक्रमलाई छिटो गर्नुपर्ने । कृषी लगातका विषयगत शाखाका सूचनाहरु सबै वडाहरुमा नियमित उपलब्ध गराउनुपर्ने । प्रदेश सरकारबाट लगानी हुने आयोजनाहरु समिती मार्फत संचालन गर्नुपर्ने । तथा विद्यालयमा शिक्षक विद्यार्थि अनुपातका साथै निजि स्रोतका शिक्षकको तलब भत्ताको सुनिश्तिचता गर्नुपर्ने ।

**(४) चन्द्रलाल सापकोटा वडा न ५ सदस्य**

वडा न ४ र ५ जोड्ने पुल निर्माण कार्यलाई शिघ्रता दिनुपर्ने । टोल विकास संस्था संचालन कार्यविधिमा आवश्यक संशोधन गरी सार्वजनिक निर्माण कार्यप्रति संस्थालाई थप जिम्मेवारी बनाउनुपर्ने । बंगुर पालन र ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गर्नुपर्ने । साथै सामाजिक सुरक्षा भत्ता व्यवस्थापनलाई थप सरल बनाउँदै दोहोरो भुक्तानीको अवस्था हटाउनुपर्ने ।

**(५) परन बहादुर शाही  वडा न ९ सदस्य**

 शक्तेकाडाँ बुलबुले लगायतका स्थानमा खानेपानीको समस्या छिटो समाधान गर्नुपर्ने । लाटीकोईली साविक ७ मा पुल निर्माण नहुँदा आवजजावतमा समस्या भएकाले डि पि आर अनुसार कार्य अगाडी बढाउनुपर्ने । चाँदनीचौकी विद्यालयको कम्प्याण्ड निर्माण नहुँदा सामाजिक कुलतका घटनाहरुमा वृद्धि  भएको हुँदा वाल निर्माण तत्काल गर्नुपर्ने । कालीमाटीमा प्रहरी बिटको क्षमता वृद्धि गरी वडा सुरक्षामा थप सुधार गर्नुपर्ने ।

**(६) कृष्ण प्रसाद गौतम  वडा न ४ सदस्य**

शहरी नापी र गुरुयोजनाको काम यथासिघ्र ट्ग्याउनुपर्ने । लेखा समितीको प्रतिवेदन तथा गत आ व को कार्य प्रगति समिक्षा तथा चालु आ व को अर्धवार्षिक समिक्षा प्रतिवेदनमा विस्तृत विवरण समावेश गर्नुपर्ने । नगरपालिकको नारा अनुसार कार्यमा थप सुधार गर्नुपर्ने । शहिद पार्क लगायतका अन्य पर्यटकीय स्थलको सुरक्षा प्रबन्ध गर्नुपर्ने । न्यायीक समितीको कार्य थप व्यवस्थीत बनाउनुपर्ने । समिति र ठेकेदार कम्पनी लगायत आयोजना समयमै सम्पन्न गर्नका लागी सम्बन्धीत सरोकारवालाहरुसँग समवय गर्नुपर्नु  । विमानस्थल विस्तारको विषयको दीर्घ समाधान खोज्नुपर्ने । नगरका विभिन्न खहरे खोलाको नियन्त्रणको लागी पहल गर्नुपर्ने तथा संसदीय मर्यादा अनुरुप सभा संचालन गर्नुपर्ने ।

**(७) भुपेन्द्र प्रसाद ज्ञवाली  वडा न १६ सदस्य**

वडा न १५ र १६ मा प्रहरी चौकीको व्यवस्थापन गर्नुपर्ने । आयोजनाको काम समयमै सम्पन्न गर्नुपर्ने । विगत वर्ष देखी आयोजना अ.ल्या नगरी समयमै सम्पन्न गर्नुपर्ने । वडा न १५ र १६ मा विद्युत विस्तार गरी लागत अनुमान अनुसार कार्य गर्नुपर्ने । वडा गौरवको स्थान छनौट गरी आयोजना अगाडी बढानुपर्ने । वडा शिक्षा समितीको काम कर्तव्य अधिकार तथा खर्च व्यवस्थापनको विधि निश्चित गर्नुपर्ने । तथा विपद व्यवस्थापन कोषको संचालन खर्च व्यवस्थापनको विधि तय गर्नुपर्ने ।

**(८) कमला नेपाली वडा न ६ सदस्य**

विद्यालय संचालनमा कुनै पनि किसिमको बाधा अवरोध सिर्जना नगर्ने तथा पिपल चौतारमा हुने आम सभा लगातका कार्यक्रम सदाका लागी बन्द गर्न पहल गर्नुपर्ने । सुकुम्बासी समस्या समाधान तथा अव्यवस्थीत बसोबासका लागी खोला तटबन्धन गरी व्यवस्थ‍ित गर्नुपर्ने । वडा कार्यालयको भवन निर्माणका लागी उपयुत्त स्थान छनौट गरी आयोजना अघि बढाउनुपर्ने ।

७. सभाअध्यक्षज्युले सभाको दोस्रो बैठक मिति २०७७ साल माघ ३० गते बिहान १०M३० बजे बस्ने गरी आजको सभाको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**मिति २०७७।१०।३० गतेको आठौं नगरसभाको दोसो बैठकको गतिविधि र निर्णय**

१. वीरेन्द्रनगर नगरपालिकाका प्रमुख श्री देवकुमार सुवेदीज्युबाट बैठकको सुरुवात भयो ।

२.आठौं नगरसभाको पहिलो बैठकमा टेबुल गरिएका विधेयकहरु माथि सचिवालयमा अग्रिम नाम टिपाउनुभएका सदस्यज्युहरुले देहायका विषयहरु सभा समक्ष उठान गर्नुभयो ।

**निम्न**

**(क) कृष्ण प्रसाद गौतम वडा सदस्य,४ नं. वडा**

१ न्यायीक समिति (कार्यविधी) सम्बन्धी ऐन २०७४ को प्रथम संशोधन विधेयक २०७७ को दफा ७ (ग) मा तथा शब्द हटाउनुपर्ने ।

२ स्थानीय सेवा विधेयक २०७७ को दफा २१ मा कर्मचारीको उमेर निर्धारण गर्ने प्रमाणपत्र नागरिकतालाई नै कायम गर्नुपर्ने ।

**(ख) शाही वडा सदस्य,९ नं. वडा**

१ वातावरण विधेयकका विविध विषयहरु

३. देहायका विषयगत समिति संयोजकहरुले हाल सम्मको विषयको जानकारी/जवाफ सहितको धारणा राख्नुभयो ।

आर्थिक विकास समितिको तर्फबाट संयोजक श्री राजबहादुर गुरुङ्

पूर्वाधार विकास समितिको तर्फबाट संयोजक श्री ध्रुव कुमार चपाईँ

वातावरण तथा विपद समितिको तर्फबाट सदस्य श्री मोतिप्रसाद कँडेल

विधायन समितिको तर्फबाट संयोजक श्री डण्ड बहादुर विश्वकर्मा

सामाजिक विकास समिति संयोजक श्री यामुना नेपाली

सार्वजनिक सेवा तथा क्षमता विकास समितिको तर्फबाट संयोजक श्री निलकण्ठ खनाल

४.चालु आर्थिक वर्ष २०७७।७८ को संशोधित बजेट,योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

५.देहायका विधेयकहरुको व्यावहारिक त्रुटी र आनुसांगिक सुधार गरी राजपत्रमा प्रकाशन गर्ने ।

१. प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को प्रथम संशोधन विधेयक २०७७

२. न्यायीक समिती कार्यविधि सम्बन्धी ऐन २०७४ को प्रथम संशोधन विधेयक २०७७

३. वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

४. स्थानीय सेवा विधेयक, २०७७

६.बैठकमा पेश भएका चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा तथा गत आर्थिक वर्षको यर्थात बजेट खर्च प्रतिवेदन पाना संख्या ६१ बमोजिम पारित गरियो ।

७. सभा समक्ष प्रस्तुत गत आर्थिक वर्ष २०७६।७७ को आय व्यय विवरण वासालातको आम्दानी खर्च अनुमोदन गर्ने ।

८.गत सातौं नगर सभाद्धारा कार्यपालिकालाई प्रत्यायोजित अधिकार बमोजिम मिति २०७७।४।१ देखी २०७७।१०।२७ सम्म भएका कार्यपालिका बैठकहरुबाट भए गरेका निर्णयहरु अनुमोदन गरियो ।

९.चालु आर्थिक वर्षको २०७७ असार मसान्त सम्म यस नगरसभामा निहित अधिकार प्रयोग गरी नगरपालिकाका कुनै क्रियाकलाप संचालन गर्नुपर्ने भएमा पछि अनुमोदन गर्ने गरि निर्णय गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

१०. सभाद्वारा देहायका सार्वजनिक महत्वका विषयमा निर्णय गरियो ।

**देहाय**

१ उपत्यकालाई नै जोड्ने चक्रपथको पूर्ण रुपमा सम्पन्न गर्नका लागि प्रदेश सरकार र संघिय सरकारलाई अनुरोध तथा समन्वय गर्ने ।

२ उपत्यकामा खानेपानी व्यवस्थापनको लागि भेरी लिफ्टिङ योजना अघि बढाउन र अन्तत्र रहेका पानीका स्रोतहरु हेरी सम्भाव्यता अध्ययन गर्न नगरपालिका कर्णली प्रदेश सरकार र संघिय सरकार सँग समन्वय गर्ने ।

३ रत्न राजमार्ग देखी दक्षिण तर्फको भुभागमा गुरुयोजनाको काम तिब्र रुपमा बढाई व्यवस्थित बस्ती विकासमा जोड दिने । र बाटोको भूभाग निश्चित गरी त्यसको विकासमा जोड दिने ।

४ उपत्यका ढल निकासको विस्तृत परियोजना तयार भएकोले त्यसको कार्यान्वयनमा संघिय सरकारलाई अनुरोध गरी सहकार्य गर्ने ।

५ भूमी सम्बन्धी समस्या समाधान आयोग सँग नगरपालिकाले गरेको सम्झौता बमोजिम काम तिव्ररुपमा अघि बढाएकोले नगरपालिकालाई सहयोग र समन्वय गर्न सम्पुर्ण सरोकारवाला नगरबासीलाई अनुरोध गर्ने ।

६ बुलबुले काक्रेबिहार सहिदपार्क देउतीबज्यै गढि रानीघाट लगायतका नगरभित्रका पर्यटकिय क्षेत्रको गुरुयोजना तयार गरी यसको विकासमा  कर्णाली प्रदेश सरकार र संघिय सरकार सँग समन्वय गर्ने ।

७ संस्थागत सुधार अन्तर्गत नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य तत्काल अघि बढाउने कर्णली प्रदेश सरकार र संघिय सरकार सँग समन्वय गर्ने ।

११. उपप्रमुख श्री मोहनमाया ढकालले देहायका सार्वजनिक महत्व तथा विविध विषयमा धारणा राख्नुभयो ।

न्यायिक समितीको विधेयक सशोधनको औचित्य बारे प्रष्टता गर्नुभयो । ३ वर्ष सम्म हामी कहाँ पुगेका छौ भनी सदस्यहरुले धारणा राख्नु स्वभाविक हो । गरेका कामलाई हामीले यती गरेका छौ भनेर भन्न सक्नुपर्छ । विभिन्न हिसावले हामीलाई पर्ने अन्यायको सामुहिक प्रतिवाद गर्नुपर्ट । नपाको नारा अनुसार नै काम भएको छ । शिक्षा स्वास्थ्यपर्यटन लगायषतका क्षेत्रमा उल्लेख काम भएको छ । महिला मैत्री काम भएका छन । भूमीहिनहरुका लागी जग्गा दिने हामीलाई अवसर प्राप्त भएको छ ।  कोभीड व्यवस्थापन प्रभावकारी भएको र काम व्यवस्थीत गरियो । बजेट फ्रिज भएन । मल बिलमा अनुदान दिन तालिम कटौती गरौ । तिन  सरकारले समन्वयन । हाम्रा हरेक काम जनाताको निगरानीमा छ । राम्रा काम गर्न नसक्दा आगामी दिनमा प्राप्त अधिकार कटौती हुन सक्ने हुँदा काम प्रभावकारी गर्ने । पछिल्लो पुस्तालाई सहि सन्देश दिनुपर्छ ।

१२. सभाध्यक्ष श्री देवकुमार सुवेदीले देहायको मन्तव्य सभा समक्ष प्रस्तुत गर्नुभयो ।

यो अवस्थाका पछि अनेक चरण पार गरेका छौ । नपाको भएका सबै काम सबैका हुन । सबैको सयुंक्त प्रयास हुन जरुरी छ । हाम्रा एकता कायम नै रहि यसलाइ असल अभ्यासको रुपमा कायम गर्नुपर्छ । जात लिगंका छुट भएका विषयालाई विषयगत सिमिति र वडा मार्फत प्रशासन मार्फत आउनपर्छ । चुनौतीको रुपमा उपत्यकाको खानेपानी व्यवस्थापन हो । अन्य विषय हामी ईमान्दारीपुर्वक लागेको खण्डमा देखिने गरि काम हुन्छ । वडा तहमा अगुवा र समितीका बिचमा समेत समीक्षा हुन जरुरी छ ।

सहयोग सत्कर्म सत्अभ्यासका लागी धन्यवाद । यसलाई निरन्तरता दिऔ । धन्यवाद ।

१३.चालु नगरसभामा उठान भएका विषयवस्तुहरु माथि देहाय अनुसारको जवाफ सहित सभाध्यक्षले समापन मन्तव्य दिदैं सभा सफलता पूर्वक सम्पन्न गर्न आफ्नो अमुल्य समय सल्लाह तथा सक्रिय सहयोग प्रदान गर्नुहुने नगरसभा सदस्य ज्यूहरु, विभिन्न विषयगत समितिहरुका पदाधिकारीहरु, विभिन्न क्षेत्रका विषय विज्ञहरु, संचारकर्मी मित्रहरु, नगरपालिकाका कर्मचारी लगायत सम्पुर्णमा हार्दिक धन्यवाद सहित सभा समापन भएको घोषणा भयो ।